## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०८/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु **रामचन्द्र भुषाल, लक्ष्मी बस्याल** र **बुद्ध भेट सेन्टर** मु.नं (०८१-CR-००६९)<br>फैसला मिति २०८२।०२।२२ | घुस/रिसवत लिई दिई भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• जिल्ला रुपन्देही मर्चवारी गाउँपालिकाको आ.व.२०७९।०८० को योजना बमोजिम पशुपंक्षीलाई खोप/भ्याक्सिन तथा औषधि वितरणको लागि गाउँपालिकाबाट रकम विनियोजन भएकोमा गाउँपालिकाको पशु शाखामा कार्यरत शाखा प्रमुख रामचन्द्र भुषालसमेतले कार्यक्रम सञ्चालनका बखत घुस रिसवत लिएको हुँदा कारवाही गरिपाउँ भन्नेसमेत बेहोराको उजुरी उपर अनुसन्धान हुँदा मर्चवारी गाउँपालिकाका पशु शाखा प्रमुख रामचन्द्र भुषालले आफ्नो प्रत्यक्ष संलग्नता रही कार्य गरेका कार्यक्रमहरुमा सप्लार्यसको रुपमा कार्यदिश पाएको बुद्ध भेट सेन्टर तथा उक्त भेट सेन्टरका प्रोपाईटर लक्ष्मी बस्यालवाट मर्चवारी गाउँपालिका अन्तर्गतको पशु सेवा सम्वन्धी कार्यक्रम प्राप्त गर्न, प्रगति प्रतिवेदन पेस गर्न, भुक्तानीको सिफारिस लगायतको सहजिकरण गरे वापत बुद्ध भेट सेन्टरको बैंक खाताबाट पशु शाखा प्रमुख रामचन्द्र भुषालले मिति २०८०/०२/०९ मा चेक नं.६८१४६५८५ बाट निकालेको नगद रु.२,००,०००।- र मिति २०८१/०२/०४ मा चेक नं.८४०१०६४९ बाट निकालेको नगद रु.२,००,०००।- गरी जम्मा रु.४,००,०००।- घुस रिसवत लिएको देखिँदा **प्रतिवादी रामचन्द्र भुषालको हकमा** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर भएको हुँदा निजलाई विगो रु.४,००,०००।–(अक्षरेपि चार लाख) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) | **फैसलाः**<br>प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादीहरुले अनुसन्धानको क्रममा गरेको बयानमा पनि रिसवत बापत दिए/लिएको भनी दाबी गरिएको रकम रिसवत बापतको नभई सापटी रकम फिर्ता गरेको भनी आरोपित कसुरमा इन्कार भएको देखिएको,<br>• प्रतिवादीहरुले के कुन काम गर्न वा गरिदिए बापत रिसवत लिएको भन्ने नदेखिएको,<br>• प्रतिवादी रामचन्द्र भुषाल कार्यालयको भुक्तानी दिने अधिकारी रहे भएको नदेखिएको,<br>• प्रतिवादीहरूको बिचमा रिसवत दिने/लिने विषयमा कुनै संवाद भएको नदेखिएको,<br>• जसबाट रिसवत लिएको भन्ने दाबी गरिएको छ सो व्यक्तिले रिसवत बापत रकम दिएको नभै सापटी रकम फिर्ता गरेको भनेको अवस्था रहेको,<br>• प्रतिवादी लक्ष्मी वस्याल सञ्चालक रहेको बुद्ध भेट सेन्टरको बैंक खाताको चेकहरूबाट प्रतिवादी रामचन्द्र भुषालले लिएको रु.४,००,०००।- रकम रिसवत बापतको हो भन्ने कुरा कुनै पनि वस्तुनिष्ठ ठोस सवुत प्रमाणबाट पुष्टि भएको नदेखिएको। | • प्रस्तुत मुद्दामा प्रतिवादीहरु मध्येका रामचन्द्र भुषाल राष्ट्रसेवक कर्मचारी मर्चवारी गाँउपालिकाको पशु शाखा प्रमुखको हैसियतले सेवा प्रवाह गर्ने राष्ट्र सेवकको रुपमा कार्यरत रहेको देखिन्छ। यसैगरी मर्चवारी गाउँपालिका अन्तर्गत आ.व.२०७९।०८० र आ.व.२०८०/०८१ मा जिल्ला रुपन्देही सिद्दार्थनगर नगरपालिका वडा नं.८ स्थित बुद्ध भेट सेन्टर (पान नं.१२५८५८५७३) मार्फत सञ्चालित कार्यक्रमहरुको विवरण अनुसार आ.व. ०७९/०८० मा जम्मा रु. २५,३०,०००।— कार्यक्रम बजेट बिनियोजन भएकोमा उक्त फर्मलाई रु. २०,३३,७५२।—भुक्तानी भएको तथा आ.व.२०८०/०८१ मा जम्मा रु. ७,००,०००।— कार्यक्रम बजेट बिनियोजन भएकोमा उक्त फर्मलाई रु. ५,५७,९००।— भुक्तानी भएको देखिन्छ। यसरी हेर्दा, आ.व. ०७९/८० र ०८०/८१ मा बुद्ध भेट सेन्टरलाई कूल रु. २५,९१,६५२।— भुक्तानी गरिएको देखिन्छ। सोही सन्दर्भमा, सेवा प्रवाहको लागि कार्यालयमा वस्तु तथा सेवा उपलब्ध गराउने व्यवसायिक संस्थालाई प्रतिवादी रामचन्द्र भुषालले रकम भुक्तानी सम्बन्धमा प्रस्ताब पेश गरेको, उक्त फर्मलाई खरिद आदेश दिएको तथ्यबाट पशु शाखा प्रमुख प्रतिवादी रामचन्द्र भुषाल प्रत्यक्ष रुपमा उक्त खरिद प्रकृयामा बुद्ध भेट सेन्टर (पान नं.१२५८५८५७३) सँग संलग्न रहेको पुष्टि भएको छ। यसको साथै, उक्त कार्यक्रमहरुको प्रस्ताव तयार गर्ने, खरिद समितिको सदस्य सचिवको हैसियतले खरिद सम्बन्धी कार्य सम्पन्न गर्ने, कार्यक्रम संयोजकको हैसियतले कार्यक्रम सम्पन्न गरी सार्वजनिक मुचुल्का तयार गर्ने, कार्यक्रम सम्पन्न भए पश्चात भुक्तानीको लागि सिफारिस गर्ने, देखि अन्तिम प्रतिवेदन तयार गर्ने सम्मको कार्यहरु निज पशु शाखा प्रमुख रामचन्द्र भुसाल र बुद्ध भेट सेन्टर (पान नं.१२५८५८५७३)का संचालक लक्ष्मी बस्याल विचमा कार्यालयगत कामको सम्वन्ध रहेको तथ्य पुष्टि भएको देखिन्छ।<br>• प्रतिवादी रामचन्द्र भुषालले बयान गर्दा बुद्ध भेट सेन्टरको सञ्चालिका लक्ष्मी बस्यालको श्रीमानको दुर्घटना हुँदा ५ लाख रुपैया मैले सापटी दिएकोले सोही रकम फिर्ता लिएको जिकिर लिएतापनि यि प्रतिवादीबाट रामचन्द्र भुसालले कुन मितिमा कुन बैक मार्फत कति रुपैया लक्ष्मी बस्याल दिएका हुन सो को कुनै भर्पाई कागज चेक बैंक स्टेटमेन्ट पेश गर्न सकेको देखिदैन। भ्रष्टाचारजन्य कसूरमा घुस/ रिसवत लिने र दिने दुवै उक्त अवैध कार्यको लाभग्राही हुने हुँदा स्वभाविक रुपमा नै बयान गर्दा कसूरमा ईन्कार रहने अवस्था हुन्छ।यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतले झल्ला भन्ने ओशाद खाँ वि. नेपाल सरकार[1] भएको मुद्दामा **"कुनै अभियोग लागेको अभियुक्तले कसुर सम्बन्धी कुरामा साबिती भएको वा इन्कारी गरेको निजको कथनले मात्र निजको पक्ष वा विपक्षमा स्वतः प्रमाणको स्थान ग्रहण गर्न सक्दैन बरु सो साबिती वा इन्कारी बयानलाई कुनै आधारभूत, तथ्यपरक, वस्तुनिष्ठ एवम् निश्चयात्मक प्रमाणबाट समर्थित गराउनुपर्ने"** भन्ने सिद्धान्त समेत प्रतिपादन भएकोले प्रतिवादीले कसूरबाट सफाई पाउने उद्देश्यले झुट्ठा तथ्य उल्लेख बयानलाई विश्वसनीयता प्रमाण मानी, कारोबार तथा लेनदेनको तरिका र माध्यमको विश्लेषण नगरि |

[1] ने.का.प २०७७, अंक ७, नि.नं. १०५४१

| | | | | | |
|---|---|---|---|---|---|
| | | | तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी लिईसकेको उल्लिखित बिगो रकमको घुस रिसवत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम जफत हुन तथा **प्रतिवादी बुद्ध भेट सेन्टर तथा उक्त भेट सेन्टरका प्रोपाईटर लक्ष्मी बस्याल**को हकमा उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसूर भएको हुँदा बुद्ध भेट सेन्टर तथा उक्त भेट सेन्टरका प्रोपाईटर लक्ष्मी बस्याललाई बिगो रु.४,००,०००।- (अक्षरेपी चार लाख) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (३) ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी दिईलिईसकेको उल्लिखित बिगो रकमको घुस रिसवत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम उल्लिखित बिगो रकम जफत हुन मागदाबी लिएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• प्रतिवादीहरु बुद्ध भेट सेन्टरका सञ्चालक लक्ष्मी बस्याल र रामचन्द्र भुषालबीच चेक मार्फत लेनदेन भएको रकम रिसवत वापतको नै हो भन्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको नदेखिएको समेतको आधारबाट प्रतिवादीहरुलाई आरोपदावीबाट **सफाई दिने** | | प्रतिवादीको प्रमाण विहिन ईन्कारी बयानलाई आधार लिई भ्रष्टाचारजन्य कार्यलाई मानवीय सापटी लेनदेन कारोवारको रुपमा परिभाषित गरी आरोपित कसूरबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुदाँ बदर भागी छ।<br>• घुस/रिसवतको कसूर सम्बन्धि मुद्दा गम्भिर फौजदारी मुद्दा रहेको र उक्त कसूरको आपराधिक कार्य र मनसाय तत्वको विद्यमानता रहने अवस्था हुन्छ। प्रतिवादी मध्येका रामचन्द्र भुषाल रुपन्देही जिल्ला मर्चवारी गाँउपालिकाको पशु शाखा प्रमुखको पदीय हैसियतमा रहेको र सो पालिकाले आ.व.२०७९।०८० र आ.व.२०८०/०८१ मा जिल्ला रुपन्देही सिद्दार्थनगर नगरपालिका वडा नं.८ स्थित बुद्ध भेट सेन्टर (पान नं.१२५८५८५७३) सँग कार्यालयमा वस्तु तथा सेवा उपलब्ध गराउने कार्य समेत तथ्य पुष्टि भएको छ।सोही वस्तु तथा सेवा उपलब्ध गराउने कार्य अन्तर्गत काम दिने तथा रकम भुक्तानी गर्ने शिलशिलामा घुस रिसवत वापत रामचन्द्र भुसाललाई बुद्ध भेट सेन्टर कि संचालिका लक्ष्मी वस्यालले बैकिंङ्ग कारोबार मार्फत सेवा प्रवाह गर्ने व्यक्तिको खातामा व्यवसायिक संस्थाको खाताबाट रकम पठाएको देखिन्छ।यि प्रतिवादीद्वयले कार्यालयको कामको शिलशिलामा घुस लेनदेन गरेको तथ्य उल्लेख गरी प्रमाण सहित प्रतिवादीहरु उपर उजुरी परी अनुसन्धान भएको प्रस्तुत मुद्दामा बुद्ध भेट सेन्टरको बैंक खाताबाट पशु शाखा प्रमुख रामचन्द्र भुषालले मिति २०८०।०२।०९ मा चेक नं. ६८१४६५८५ बाट निकालेको नगद रु.२,००,०००।- र मिति २०८१।०२।०४ मा चेक नं. ८४०१०६४९ बाट निकालेको नगद रु.२,००,०००।- गरी जम्मा रु.४,००,०००। भुक्तानी लिएको बैक स्टेटमेन्ट लगायतका प्रमाणबाट पुष्टी भई रहेको अवस्थामा सो कसूरबाट उन्मुक्ति पाउने उदेश्यले प्रतिवादीहरुले सोच बिचार गरी पहिले सापटी दिएको रकम फिर्ता लिएको हो भन्ने झुट्टा तर्क उल्लेख गरेको र सोही झुट्टा कथनलाई आधार मानी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपुर्ण हुदाँ बदरभागी छ।<br>• रुपन्देही जिल्ला मर्चवारी गाँउपालिकाको पशु शाखा प्रमुखको पदीय हैसियतमा रहेका राष्ट्रसेवक प्रतिवादी रामचन्द्र भुषालले आफ्नै कार्यालयमा बस्तु तथा सेवा खरिदमा संलग्न संस्था बुद्ध भेट सेन्टर कि संचालिका लक्ष्मी वस्यालबाट चेकमा रकम प्राप्त गर्नु आफैमा Conflict of Interest **हुने** मात्र नभई उक्त संस्थासँग कार्यालयगत स्वार्थ रहेको देखिदा यसरी प्राप्त गरेको रकम बस्तुनिष्ठ विश्वासनिय प्रमाणवाट अन्यथा प्रमाणित नभए सम्म भ्रष्टाचारजन्य अपराधबाट प्राप्त गरेको घुस रिसवत वापतको रकम मानिन्छ। सार्वजनिक निकायको निर्णय/सिफारिस गर्ने अधिकार राखेको राष्ट्रसेवकले सेवा/सामग्री खरिद गर्ने संस्थासँग आर्थिक व्यवहार गर्नु 'Conflict of Interest Doctrine' को प्रत्यक्ष उल्लङ्घन हुनुको साथै भ्रष्टाचारका विविध स्वरुपहरु मध्येको एउटा रुप देखिरहेको र यसवाट उन्मुक्ति प्राप्त गर्नाका लागी प्रतिवादीहरुले मानविय सापटी रकममा परिणत गर्न प्रतिवादी बुद्ध भेट सेन्टर कि संचालिका लक्ष्मी वस्यालको श्रीमान दुर्घटनामा हुदाँ रकम दिएको जस्ता विना आधार प्रमाणका तथ्य उल्लेख गरि गरेको बयान कै आधारमा अन्य आर्थिक सम्वन्ध राखै नहुने पक्ष समेत रकम लेनदेन गरेको तथ्य बैंक स्टेटमेन्टबाट समेत Documentary Evidence बाट पुष्टी भई रहेको अवस्था उक्त प्रमाणको वेवास्ता गरि ब्यक्तिगत लेनदेनको परिभाषा भित्र पारी प्रतिवादीलाई सफाई हुने ठहर गरेको फैसला नेपाल सरकार विरुद्ध रमेश कुमार तामाङ भएको भ्रष्टाचार (घुस/रिसवत) मुद्दा (मु.नं. ०७३-CR-११८२) मा "**आफू बहाल रहेको पदअनुसार सम्पादन गर्नुपर्ने कामसंग सम्बन्धित व्यक्तिसंग सापटी लिने दिने** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **ठहर गरी फैसला** भएको अबस्था छ। | | **राष्ट्रसेवकलाई कसुरको मात्रा अनुसार सजाय हुने**" भनि प्रतिपादित सिद्धान्त विपरित रहेकोले उक्त फैसला सो हद सम्म बगर भागि रहेको छ।<br>• भ्रष्टाचारजन्य कसूरमा, विशेषतः घुस/ रिसवतको कसूरमा विश्वव्यापी रूपमा स्वीकारिएको मान्यता **'Quid Pro Quo'** अर्थात **"यसको बदलामा त्यो"** प्रत्यक्ष प्रमाणित नभएपानि लेनदेनको स्वभाव, सम्बन्धको संरचना, निर्णय अधिकारको हैसियत, र वित्तीय प्रवाहको स्थितिबाट राष्ट्रसेवक र सो सँग सम्बद्ध व्यक्तिले अनुचित रुपमा आर्थिक लाभ प्राप्त गरेको कुनै पनि परिस्थितिजन्य अवस्थाबाट देखिएमा कसूर पुष्टि हुन पर्याप्त आधार रहने हुँदा अनुसन्धानबाट संकलित प्रमाणबाट स्थापित प्रतिवादी रामचन्द्र भुषालको रुपन्देही जिल्ला मर्चवारी गाउँपालिका स्तरिय र वडास्तरिय पशुसेवा कार्यक्रममा रहेको भुमिका समेतको आधारमा निजले अर्का प्रतिवादी बुद्ध भेट सेन्टरकी सञ्चालिका लक्ष्मी बस्यालसँगको आर्थिक कारोबार/लेनदेनको स्वभाव, सम्बन्धको आधिकारिकता, राष्ट्रसेवकको निर्णय अधिकारबाट अनुचित रुपमा आर्थिक लाभ आदान-प्रदान गरेको पुष्टी भैरहेको अवस्थामा विशेष अदालतबाट सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण रहेकोले बदरभागी छ। |